"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर : पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्था. २०७३

☎ ०११६६१११८
lisankhupakharmun@gmail.com
www.lisankhupakharmun.gov.np
www.fb.com/lisankhupakharmun

पत्र संख्या :-सू.प्र.शा: ०८०/८१
च.नं.:

## गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) निर्माण गर्ने सम्बन्धी सूचना।

(प्रकाशित मिति: २०८०/०६/१७)

आफ्नो पहिचान झल्किने गरि प्रतिक चिन्ह(लोगो) निर्माण गर्नको लागी यस गाउँपालिकाले ऐतिहासिक,जनजिवन,भुगोल,आर्थिक,सामाजिक,सास्कृतिक,धार्मिक, तथा पर्यटकीय क्षेत्रहरुलाई समेटी प्रतिक चिन्ह बनाउने भन्नी गाउँकार्यपालिकाको निर्णय अनुसार ईच्छुक व्यक्ति,कम्पनी,संस्था तथा व्यवसायहरुले आफ्नो सिप र क्षमता प्रयोग गरि उपयुक्त प्रतिक चिन्ह(लोगो) बनाई सोको ई-कपि गाउँपालिकाको ईमेल:lisankhupakharmun@gmail.com वा कार्यालयमा पेश गर्ने गरि मिति २०८०/०७/०२ सम्म कार्यालय समय भित्र तपशिल बमोजिमको शर्तहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिन्छ।

**प्रतिक चिन्ह(लोगो) निर्माणका मापदण्ड तथा प्रावधानहरु:**

१. गाउँपालिकाको नाम " **लिसंखु पाखर गाउँपालिका**" ,सिन्धुपाल्चोक र नेपालको राष्ट्रिय झण्डा अनिवार्य हुनु पर्नेछ।
२. लिसंखु पाखर गाउँपालिका अन्तर्गतका आर्थिक,सामाजिक,धार्मिक,सांस्कृतिक, भौगोलिक, ऐतिहासिक,पर्यटकीय क्षेत्र लगायतका विषयहरु समावेश हुनुपर्नेछ।
३. आकर्षक रङ रोगनले सुसज्जित हुनु पर्ने छ।
४. कुनैपनि धार्मिक, जातिय तथा साम्प्रदायिक विभेद झल्कने, सामाजिक सद्भावमा खलक पुग्ने तथा नेपालको सार्वभौमिकता,एकता र अखण्डतमा प्रतिकुल असर पार्ने संकेत प्रयोग गर्न पाईने छैन।
५. लोगोमा प्रयोग गरिएका संकेतहरु संक्षिप्तमा व्याख्या गर्नुपर्नेछ।
६. लोगो उपलब्ध गराउँदा डिजिटल फरम्याटमा उपलब्ध गर्नु पर्नेछ।
७. लोगो स्वीकृत गर्दा अनिवार्य रुपमा डिजाईन कर्ताले स्वयंमको नागरिकताको छायाँ प्रति पेश गर्नु पर्नेछ।
८. लोगो स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार लिसंखु पाखर गाउँपालिका कार्यालय सँग निहित रहनेछ।
९. एक जना व्यक्तिले एउटा मात्र लोगो प्रतिस्पर्धाको लागि पेश गर्नु पर्नेछ।
१०. लोगो डिजाइन गर्दा अन्य लोगो सँग मेल नखाने, अरूको नक्कल नगरिएको र मौलिकता झल्काउनेलाई बिशेष प्राथामिकता दिईनेछ।
११. मुल्यांङ्कन तथा छनौट समितिले छनौट गरि आएको प्रतिक चिन्हलाई आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो अनुसारको परिमार्जन गर्नु पर्नेछ।
१२. मुल्यांङ्कन तथा छनौट बाट प्राप्त प्रतिक चिन्हलाई उपयुक्त नठानेमा पुनः प्रतिक चिन्हका लागी सूचना आह्वान गर्न सकिनेछ।
१३. उत्कृष्ट लोगो ठानी छनौट भएको डिजाईनरलाई रु ३०,०००।-(अक्षरुपी तिस हजार)(कर सहित) नगद पुस्कार र प्रमाणपत्र समेत प्रदान गरिनेछ।
१४. थप जानकारीको लागी सम्पर्कः ९७०२६१७७६५/९८६४९२९६२१ वा गाउँपालिकाको कार्यालयमा सम्पर्क गरि थप जानकारी लिन सकिनेछ।

दिलकृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत